# ४१ औं विश्व खाद्य दिवस २०७८ कार्यक्रम सम्बन्धी जानकारी

सदा वर्ष झैं यस वर्ष पनि अक्टोबर १६ का दिन Our Actions are our Future. Better production, better nutrition, a better environment and a better life. भन्ने मुल नाराका साथ कृषि उत्पादन पोषणमा बृद्धि र पर्यावरण संरक्षण गर्दै जनजीविकामा सुधार ल्याउने उद्देश्यका साथ"हाम्रो पहलः उत्पादन र पोषणमा बृद्धि, पर्यावरण संरक्षण र जनजीविकामा समृद्धि" भन्ने नेपाली नाराका साथ राष्ट्रियस्तर, प्रदेशस्तर र सथानीयस्तरमा विविध कार्यक्रमका बिच ४१ औं विश्व खाद्य दिवस अक्टोवर महिना भरि बिभिन्न कार्यक्रम आयोजना गरिएको छ।

विश्व खाद्य दिवस मुल समारोह कार्यक्रम कृषि विभागको सभा हलमा २०७८ कार्तिक १२ गतेका दिन आयोजना गरिने तय भएको छ । उक्त कार्यक्रममा ४१ औं विश्व खाद्य दिवस समितिका अध्यक्ष तथा कृषि विभागका निमित्त महानिर्देशक श्री जानुका पण्डित ज्यूको अध्यक्षता एवं कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय महिन्द्र राय यादव ज्यूको प्रमुख आतिथ्यतामा हुने तय गरिएको छ ।

विश्व परिवेशलाई हेर्ने हो भने विश्व खाद्य तथा कृषि संगठनका अनुसार हाल विश्वको करिब २ अरब भन्दा बढी जनसंख्याको सुरक्षित, पौष्टिक र पर्याप्त खानामा निरन्तर पहुँच छैन भने यो तथ्याङ्क सन् २०५० सम्ममा बढेर १० अरब पुग्न सक्ने अनुमान समेत गरिएको छ।

बहु आयामिक भोकमरी मापनमा आधारित विश्वव्यापी भोकमरी सूचाङ्क २० २१ मा नेपाल विश्वका ११७ देशमध्ये ७६औं स्थानमा रहेको छ । सन् २०१२ मा ३७.४ रहेको विश्वव्यापी भोकमरी सूचाङ्क २०२१ मा १९.१ मा पुगेको देखिन्छ । यो सूचाङ्क ५० भन्दा माथि भएमा चिन्ताजनक मानिन्छ भने १० भन्दा तल रहेमा राम्रो मानिन्छ । यसैगरी नेपालका करिव २० लाख जनसंख्या खाद्य असुरक्षित रहेका छन् तथा यो अवस्था कोभिड-१९ महामरीको कारण झन बढ्ने अनुमान गरिएको छ।

यस परिवेशमा खाद्य असुरक्षा र भोकमरी हाम्रो सामु ठूलो चुनौति रहेको छ र यसको प्रमुख कारक गरिवी नै हो। यसर्थ विश्वव्यापी रुपमा खाद्य तथा पोषण सुरक्षा को महत्वबारे जनचेतना जगाउन र खाद्य संकट तथा भोकमरीको चपेटामा परेकाहरुलाई त्यस परिवेशबाट मुक्त दिलाउन विश्वव्यापी पहल र ऐक्यवद्धताको लागि आह्वान गर्दै यस वर्ष ४१ औं विश्व खाद्य दिवस मनाइदैछ।

विश्व खाद्य दिवसको अवसरमा कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय महिन्द्र राय यादव ज्यूको रेडियो सन्देश तथा शुभकामना मन्तब्यमा वर्तमान खाद्य तथा पोषण समस्यासँग सम्बन्धित विविध सवालहरुको सम्वोधन सँगै कोभिड १९ का कारण सिर्जित प्रतिकूल अवस्थाको सामना गर्न सबै सरकारी , सहकारी र गैरसकारी क्षेत्र बीच कार्यगत समन्वय तथा सहकार्य अपरिहार्य भएको हुँदा यसका लागि सबै सम्बद्ध सरोकारवाला निकायहरुलाई अनुरोध एवम् आह्वान गर्न गर्नु भएको छ। साथै, नेपालमा खाद्य सुरक्षा स्थिती सुदृढ बनाउन

संलग्न संयुक्त राष्ट्र संघीय निकायहरु, अन्तराष्ट्रिय संघ, संस्था एवं विकास साझेदारहरु, क्षेत्रीय संघ, संगठन र स्वदेशी संघ संस्था, कर्मशील किसान तथा कृषि उद्यमी व्यवसायी तथा श्रमिकहरु र नागरिक समाजको संयुक्त योगदानका लागि हार्दिक धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

राष्ट्रियस्तरमा ४१औं विश्व खाद्य दिवसको अवसरमा प्रधानमन्त्री सम्माननीय शेरबहादु देउवा ज्यूले प्रविधि तथा उत्पादन सामाग्रीको समुचित प्रयोगबाट उत्पादन तथा उत्पादकत्व बृद्धिका साथै सुरक्षित तथा पोषिलो खानाको उपयोगमा जोड दिनु भएको छ । साथै प्राकृतिक श्रोत साधन र कृषि जैविक विविधताको संरक्षण एवं सम्बर्द्धन गर्दै सम्पुर्ण जनताको जीविकोपार्जनमा सुधार गर्ने सन्दर्भमा नेपाल सरकारले लिएका नीतिहरुको सफल कार्यान्वयनको लागि प्रदेश सरकारहरु र स्थानीय तहहरुलाई हातेमालो गरी अघि बढ्न आह्वान गर्दै शुभकामना प्रदान गर्नुभएको छ ।

४१औं विश्व खाद्य दिवसकमुल समारोह कार्यक्रममा राष्ट्रियस्तरमा ८ विधामा उत्कृष्ट २४ जना किसान/सहकारी संस्था/कृषि बजारहरुलाई प्रथम द्वितीय र तृतीयको लागि क्रमसः रु १० हजार ८ हजार र ६ हजार नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिने कार्यक्रम रहेको छ। पुरस्कार प्रदान गरिएका विधाहरुमा मौरी पालन तर्फ २ (एपिस मेलीफेरा र सेरेना) च्याउ खेती, बीउ बिजन उत्पादन तथा वितरक, प्राङ्गारिक अभियान/खेती, दुग्ध उत्पादन, माछा उत्पादन र कृषि उपज बजार गरी ८ बिधा रहेका छन ।

यसका साथै खाद्यका लागि कृषि अभियान र सहयोगी संस्थाको पहलमा २०७८ असोज ६ देखी एक महिना सम्म ZOOM मार्फत विविध विषयमा विभिन्न वक्ताहरुबाट कार्यपत्र प्रस्तुती, छलफल एवं मन्तव्य व्यक्त गरिएको थियो।

संघीय संरचना अनुसार यस वर्ष विश्व खाद्य दिवस प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु, स्थानीय तह र सो अन्तर्गतका कार्यालयहरुमा विभिन्न कार्यक्रमहरु गरी मनाइने कार्य भैरहेका भन्ने जानकारी प्राप्त भएको छ ।

धन्यवाद ।

२०७८ कार्तिक १२ गते शुक्रवार

.........................................
डा. महादेव प्रसाद पौडेल
सदस्य-सचिव
विश्व खाद्य दिवस समिति, नेपाल

४१ औं विश्व  खाद्य दिवसको उपलक्ष्यमा विभिन्नम विधामछनौट भै उत्कृष्ट हुन सफल भएका महानुभावहरु

| सि.नं. | नाम थर | विधाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्रीगोमा देवी दाहाल | मौरी पालन व्यवसाय (एपिस मेलिफेरा) | उर्लाबारीन.पा.९, मोरङ्ग |
| २ | श्रीरोशन पण्डित | मौरी पालन व्यवसाय (एपिस मेलिफेरा) | रत्ननगर न.पा. १५, चितवन |
| ३ | श्रीउमा कुमारी खत्री | मौरी पालन व्यवसाय (एपिस मेलिफेरा) | घोडाघोडीन.पा.२, कैलाली |
| ४ | श्रीबेन बहादुर गुरुङ्ग | मौरी पालन व्यवसाय (एपिस सेरेना) | बेंशीशहरन.पा.४, लमजुङ्ग |
| ५ | श्रीकुमार तामाङ्ग | मौरी पालन व्यवसाय (एपिस सेरेना) | रोङ्गगा.पा.६,ईलाम |
| ६ | श्रीमेजर बहादुर भण्डारी क्षेत्री | मौरी पालन व्यवसाय (एपिस सेरेना) | तानसेनन.पा.८, पाल्पा |
| ७ | श्रीओम कृष्ण श्रेष्ठ | च्याउ खेती व्यवसाय | चन्द्रागिरी, न.पा.४, काठमाडौं |
| ८ | श्रीविकास रिमाल | च्याउ खेती व्यवसाय | गोदावरीन.पा.३, ललितपुर |
| ९ | श्रीऋषि लाल तामाङ्ग | च्याउ खेती व्यवसाय | नागार्जुनन.पा.७, रामकोट, काठमाडौं |
| १० | श्रीसुबास उपाध्याय | बीउ बिजन उत्पादक तथा वितरक | सिद्धार्थनगरनगरपालिका-७, रुपन्देहि |
| ११ | श्रीउमानाथ पौडेल | बीउ बिजन उत्पादक तथा वितरक | भरतपुरमहानगरपालिका-१४, चितवन |
| १२ | श्रीरामगोपाल थारु | बीउ बिजन उत्पादक तथा वितरक | बारबर्दिया न.पा,-५, बर्दिया |
| १३ | श्रीज्ञानदेव घर्ति मगर | प्राङ्गगरिक अभियान/खेती | अर्गानिक भ्याली प्रा.ली., शा.न.पा-१४, सल्यान |
| १४ | श्रीमोहन सिंह गुरुङ्ग | प्राङ्गगरिक अभियान/खेती | भरतपुर मा.न.पा,-६, चितवन |
| १५ | श्रीबिमला आचार्य | प्राङ्गगरिक अभियान/खेती | हिमालय अर्गानिक गार्डेन,बु.न.पा.-१४, काठमाण्डौ |
| १६ | श्रीचतुर्भुज तिमिल्सिना | दुग्ध क्षेत्र | सेती देवी दुग्ध उत्पादक सहकारी संस्था, बनेपा, काभ्रे |
| १७ | श्रीबिष्णु पाण्डे | दुग्ध क्षेत्र | चन्द्रोदय बहुउद्देश्यीय सहकारी संस्था, नवलपरासी |

| | | | |
|---|---|---|---|
| १८ | श्रीहिरा देवी न्युरे | दुग्ध क्षेत्र | राजिपुर महिला कृषि दुग्ध उत्पादक सहकारी संस्था लि., राजिपुर, कैलाली |
| १९ | श्रीराम पौडेल | मत्सय सहकारी क्षेत्र | इनरुवान.पा.४, सुनसरी |
| २० | श्रीइन्द्र गौचन | मत्सय सहकारी क्षेत्र | माछापुच्छ्रे, गा.पा.०२, सर्दीखोला, कास्की |
| २१ | श्रीरामपुकार सहनी | मत्सय सहकारी क्षेत्र | औरहीगा.पा.०१, धनुषा |
| २२ | कृषिबजार व्यवस्थापन समिति, धरान | कृषि बजार | धरान उमनपा, सुनसरी |
| २३ | कृषिबजार व्यवस्थापन समिति, सिन्धुली | कृषि बजार | कमलामाई नपा सिन्धुली, |
| २४ | कृषिबजार व्यवस्थापन समिति, बुटवल | कृषि बजार | बुटवल उमनपा, रुपन्देहि |